# बूढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नयाँ पत्रिका।

हात्तीगौँडा, काठमाण्डौं

बागमती प्रदेश, नेपाल

# कर्मचारी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७।०४।२८**

क) विज्ञापन नं. १/०७७/७८, रोजगार संयोजक छैठौं तह सरह १ जना करारमा पदपूर्ति गर्नुपर्ने भएकोले मान्यताप्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उतिर्ण गरेको, २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेका ।

ख) विज्ञापन नं. २/०७७/७८, प्राविधिक सहायक पाचौं तह सरह, १ जना करारमा पदपूर्ति गर्नुपर्ने भएकोले सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको, कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेका । इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको १५ दिन भित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको (रोजगार संयोजकको हकमा रु. १,०००।- र प्राविधिक सहायकको हकमा रु ६००।-) सक्कल भौचर सहितको आवेदन यस नगरपालिकाको कार्यालयमा दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै माथिको पदहरुको कार्यविवरण यस नगरपालिकाको बेवसाइटमा राखिएको छ। साथै आवेदनको ढाँचा, सम्पर्क मिति र कार्य विवरण लगायत विस्तृत जानकारीको लागि यस नगरपालिकाको वेबसाइट **www.budhanilkanthamun.gov.np**, फोन नं. **०१-४३७३७२५** वा यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

नोट:- यो सूचना यस नगरपालिकाले कुनै पनि बेला रद्द गर्न सक्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं. ३८६

## कर्मचारी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७०४।२८**

क) विज्ञापन नं. १/०७७/७८, रोजगार संयोजक छैठौं तह सरह १ जना करारमा पदपूर्ति गर्नुपर्ने भएकोले मान्यता प्राप्त संस्थाबाट स्नातक तह वा सो सरह उतिर्ण गरेको, २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेका,

ख) विज्ञापन नं. २/०७७/७८, प्राविधिक सहायक पाचौं तह सरह, १ जना करारमा पदपूर्ति गर्नुपर्ने भएकोले सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको, कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेका,

इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको १५ दिन भित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको (रोजगार संयोजकको हकमा रु. १,०००।- र प्राविधिक सहायकको हकमा रु ६००।-) सक्कल भौचर सहितको आवेदन यस नगरपालिकाको कार्यालयमा दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै माथिको पदहरुको कार्यविवरण यस नगरपालिकाको बेवसाइटमा राखिएको छ। साथै आवेदनको ढाँचा, सम्पर्क मिति र कार्य विवरण लगायत विस्तृत जानकारीको लागि यस नगरपालिकाको वेबसाइट www.budhanilkanthamun.gov.np, फोन नं. ४३७२७२५ वा यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

नोटः- यो सूचना यस नगरपालिकाले कुनै पनि बेला रद्द गर्न सक्नेछ।

जयराम गजुरेल
प्रशासकीय अधिकृत

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं प्रदेश, नेपाल

प.सं.२०७७/०७८
च.नं.

## रोजगार संयोजक सेवा करारमा लिने बारे सूचना !
## प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०४।२८

यस बूढानीलकण्ठ नगरपालिकामा तपशिल बमोजिमको पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक र योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क.सं. | विज्ञापन नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | रोजगार संयोजक (अधिकृत छैठौं) | १ | |

१. **योग्यता:-**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उतिर्ण गरेको,
- २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको
- भविश्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको
- कुनै कानुनले अयोग्य नभएको

२. **छनौटका किसिम:**
- रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धि मापदण्ड, २०७६ बमोजिम
- आवेदन शुल्क रु १,०००।- मात्र ।
- दरखास्त दिने अन्तिम मिति: सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र सो दिन बिदा भए सोको भोली पल्ट सम्म ।
- तलब स्केल: प्रचलित कानुन बमोजिम,
- काम गर्नु पर्ने स्थान: बूढानीलकण्ठ नगरपालिका, काठमाण्डौं ।
- परीक्षाको किसिम: प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा
- आवश्यक कागजात:
  १. निवेदकको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
  २. नागरिकताको प्रतिलिपि,
  ३. अनुभवको कागजातको प्रतिलिपि
  ४. उम्मेदवारको फोटो ३ प्रति
  ५ सम्पर्क मिति : २०७७।०५।१४
  ६. लिखित परीक्षा सम्पर्क मितिमा तोकिनेछ ।
- अन्य व्यवस्था संघीय सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

३. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण तथा विस्तृत जानकारीको लागि यस नगरपालिकाको वेबसाइट www.budhanilkanthamun.gov.np, फोन नं. ४३७२७२५ वा यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

नोट:- यो सूचना यस नगरपालिकाले कुनै पनि बेला रद्द गर्न सक्नेछ।

जयराम गजुरेल
प्रशासकीय अधिकृत

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं प्रदेश, नेपाल

## रोजगार संयोजकको कार्यविवरण तथा जिम्मेवारी

रोजगार संयोजकले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष, सुपरीवेक्षण, निर्देशन र नियन्त्रणमा रही मन्त्रालयप्रति समेत उत्तरदायी भएर देहायका कार्यहरु गर्नुपर्नेछ ।

- यस नगरपालिकाभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,
- सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,
- यस नगरपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,
- नगरपालिकाभित्रका रोजगारीको सम्भाव्य स्थिति विश्लेपण गरी रोजगारीको तथ्यांक संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,
- रोजगारदाताका लागि श्रमिकको उपल्ब्धताको सम्भाव्यता जानकारी गराउने,
- रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने,
- बेरोजगारहरुको ज्ञान, सीप, अनुभव, क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,
- आफ्ना कामकारबाहीको बारेमा नियमित रुपमा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने,
- ऐन तथा नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्वन्धी विषय हेर्ने मन्त्रालयमा चौमासिक रुपमा र आवश्यकता अनुसार माग भएको जुनसुकै समयमा प्रतिवेदन पठाउने,
- आफ्नो कार्यक्षेत्रभित्रबाट बैदेशिक रोजगारीमा जान चाहनेका लागि सूचना सम्प्रेषण गर्ने,
- बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्वन्धी कार्यमा सहयोग पूर्याउने,
- बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता बैंक खाता मार्फत वितरण गर्ने व्यवस्था मिलाउने,
- रोजगारी तथा स्वरोजगारी सम्बन्धि सम्बन्धित स्थानीय तहमा कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायहरुद्धारा संचालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,
- रोजगार सम्बन्धि सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने

जयराम गजुरेल
प्रशासकीय अधिकृत

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोल्फुटार, काठमाडौं
## ३ नं प्रदेश, नेपाल

प.सं. २०७७/०७८

च.नं. ३८५

### प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०४।२८**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७।७८ , च.नं. २३, मिति २०७७।०४।१२ को पत्रानुसार यस नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/२०७७।७८ | प्राविधिक सहायक | सहायकस्तर पाँचौ | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

ख) अनुभव र सीप:

- कम्तीमा ३२ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर: कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने स्थान:** बूढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

३. **दरखास्त दिने अन्तिम मिति:-** सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र सो दिन बिदा भए सोको भोली पल्ट सम्म ।

४. **आवेदन दस्तुर:-** रु. ६००।- (अक्षरुपी रु. छ सय मात्र)

५. **छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **सम्पर्क मिति:-** २०७७।०५।१४

७. **लिखित परीक्षा:-** सम्पर्क मितिमा तोकिनेछ ।

८. **आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

९. **सेवा सुविधा:** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

१०. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण तथा विस्तृत जानकारीको लागि यस नगरपालिकाको वेबसाइट www.budhanilkanthamun.gov.np, फोन नं. ४३७२७२५ वा यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११. अन्य व्यवस्था संघीय सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

नोट:- यो सूचना यस नगरपालिकाले कुनै पनि बेल रद्द गर्न सक्नेछ ।

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं प्रदेश, नेपाल

## प्राविधिक सहायकको कार्यविवरण तथा जिम्मेवारी

कामकाज गर्न खटिएको प्राविधिक सहायकलाई प्रमुख प्रशासकीय अधिकृतले परिशिष्ट ७ बमोजिम कार्यसम्पादन सम्झौता गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सम्बन्धमा प्राविधिक सहायकको जिम्मेवारीहरु देहाय बमोजिम हुने गरी कामकाजमा खटाउनु पर्नेछः-

१. रोजगार सेवा केन्द्र र रोजगार उपभोक्ता समूहबीच समन्वय गर्ने ।
२. आयोजनामा भएको भौतिक प्रगति तथा लाभग्राहीले पाएको पारिश्रमिक विवरण तयार गर्ने ।
३. सार्वजनिक रोजगारी सिर्जनाका लागि स्थानीय तहलाई सहयोग गर्ने ।
४. सार्वजनिक पूर्वाधार मार्फत रोजगारी सिर्जनाका लागि कार्यान्वयन गरिने आयोजनाको पूर्वसम्भाव्यता, सम्भाव्यता, डिजाइन, विस्तृत लागत अनुमान र कार्य सम्पन्न भएपछि अन्तिम मूल्यांकन गर्ने ।
५. आयोजनाको प्राविधिक अनुगमन तथा सुपरीवेक्षण गरी तोकिएको गुणस्तर कायम गर्ने गराउने ।
६. रोजगार आयोजन सन्चालनकन लागि श्रमिक तथा रोजगार उपभोक्ता समितिलाई रोजगार आयोजनाको प्राविधिक पक्षमा अभिमुखीकरण वा तालिम प्रदान गर्ने ।
७. रोजगार आयोजनाको व्यवस्थापन र कार्यान्वयनमा स्थानीय तहलाई सहयोग गर्न देहायका क्रियाकलाप गर्नेः
- लाभग्राही हाजिरी राख्न लगाउने ।
- ज्यालाको भुक्तानी बैङ्क मार्फत गर्न सहजीकरण गर्ने ।
- वार्षिक आर्थिक योजना र बजेट निर्माण प्रक्रिया, योजनाको समीक्षा, तथा रोजगारमूलक योजना छनौटमा सहयोग गर्ने ।
- आवश्यकता अनुसार रोजगार आयोजनाहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

८. कार्यगत तालिममा तथा जीवन उपयोगी सीप विकास तालिमको योजना, सन्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग गर्न देहाय बमोजिमका जिम्मेवारी वहन गर्नेः
- कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमकर्तालाई कामदार/प्रशिक्षार्थीहरुको संख्या, तालिमस्थल/केन्द्रको छनौट र लाभग्राही/प्रशिक्षार्थीहरुलाई तालिमको मिति र स्थानको जानकारी उपलब्ध गराउने
- आयोजना व्यवस्थापन इकाई मार्फ त सन्चालन गरिएको तालिमको गुणस्तर तोकिएको मापदण्ड बमोजिम भएको सुनिश्चित गर्ने,
- रोजगार संयोजक र रोजगार सहायकसँग समन्वय गरेर प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीलाई दिएका कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमको जानकारी अद्यावधिक गर्ने ।

९. रोजगार संयोजक र प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम आयोजनासँग सम्बन्धित अन्य कार्य गर्ने ।
१०. रोजगार आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको आयोजनासँग सम्बन्धित प्रशासकीय, वित्तीय र संरक्षण सम्वन्धी क्रियाकलाप गर्नेः-
- आयोजनासँग सम्वन्धित वातावरण तथा सामाजिक संरक्षणका क्रियाकलापहरु सन्चालन भएको सुनिश्चित गर्ने ।

जयराम गजुरेल
प्रशासकीय अधिकृत

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner